# कर्णाली प्रदेश सरकार
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
# वीरेन्द्रनगर, सुर्खेत

## सूचना!!!

मितिः२०८२/११/२६

मिति २०८२ मंसिर ०१ गते यस मन्त्रालयबाट वायु प्रदूषणबारे सचेतनाको विषयमा गरिएको पत्राचारको सम्बन्धमा उक्त जानकारी पालना गर्नु भएका सम्पूर्ण महानुभाव एवं सरोकारवाला निकायहरुमा यस मन्त्रालयको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। विशेषतः यहि फाल्गुन २२ गतेदेखि मौसममा आएको परिवर्तनसँगै सुर्खेत उपत्यका लगायत मुलुकका विभिन्न स्थानहरुमा वायु प्रदुषणको स्तर अत्याधिक रुपमा बढ्दै गईरहेको तथ्य वायु प्रदुषण मापन केन्द्रमा रहेको Digital Display बोर्डको अभिलेख Air Quality Index मा देखिन्छ। तसर्थ, वायु प्रदुषणबाट मानव स्वास्थ्यमा पर्न सक्ने विविध असरबाट सचेत रही आफ्नो दिनचर्या सञ्चालन गर्न सरोकारवाला सम्पूर्णमा यस मन्त्रालय पुनःहार्दिक अनुरोध गर्दछ।

Air Quality Index मा देखिने विभिन्न रङ्गहरु र सो को मानव स्वास्थ्यमा पर्ने प्रभाव देहाय बमोजिम हुने व्यहोरा समेत सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

